अदालतले भर्ने:-
दर्ता नः-
दर्ता मितिः-

**श्री तनहुँ जिल्ला अदालतमा**

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ बमोजिम दायर गरेको

**अभियोग पत्र**

**२०७८/०७९ सालको निर्णय नम्बर** १५६०

परिवर्तित जिल्ला ४१ अन्तर्गत वस्ने वर्ष ४६ को परिवर्तित नाम ०७८/७९ **त कुमार**को जाहेरीले नेपाल सरकार ............................................................................................१ } **वादी**

**विरुद्धः-**

१. जिल्ला दाङ घोराही उप-महानगरपालिका वडानं.२ रामपुर स्थायी घर भई काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं.३१ खरिबोट शान्तिनगरटोल ओमशान्तिचोक वस्ने हिम बहादुर शाहको नाती, मिन बहादुर शाह र सीता मल्ल शाहको छोरा वर्ष ३२ को (ना.प्र.न.२५००/२१४३ दाङ) **पल शाह भन्ने पूर्ण बिक्रम शाह** ..........................................१

२. जिल्ला कैलाली साबिक मुसुरिया गा.वि.स.वडा नं.२ कायम गौरीगंगा नगरपालिका वडा नं.७ कैलाशपुर स्थायी घर भई काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं.३१ ठुलोखरिबोट चोक वस्ने चिन्तामणी जोशीको नाती, बेद प्रसाद जोशी र शारदा देवी जोशीको छोरा वर्ष २७ को (ना.प्र.न. ६७१००७/९५३१ कैलाली) **कृष्ण जोशी भन्ने कृष्ण प्रसाद जोशी** ..१

} **प्रतिवादी**

**मुद्दाः- जवर्जस्ती करणी ।**

**प्रस्तुत मुद्दामा जाहेरवाला परिवर्तित नाम ०७८/७९ त कुमार र पीडित परिवर्तित नाम ०७८/७९ व्यास-१२ कायम गरी अभियोग दायर गरिएको छ ।**

**मुद्दाको संक्षिप्त तथ्यः-**

१. **परिवर्तित नाम ०७८/७९ त कुमारले दिएको जाहेरी दरखास्तः**- स्वर राम्रो भएको कारण बिगत ३ (तीन) वर्ष देखि गायन क्षेत्रमा ख्याती कमाई रहेकी मेरो नावालिका छोरी १६ वर्षिया परिवर्तित नाम ०७८/७९ व्यास-१२ लाई नेपाली सिने जगतका प्रख्यात कलाकार पल शाह भन्ने पूर्ण बिक्रम शाहले सँगै भिडियो सुटिङ तथा अन्य भेटघाटको क्रममा छोरीलाई बालयौन दुरुपयोग गर्दै माया प्रेमको झुठ्ठा नाटक गरी मिति २०७७/०९/१० गते पोखरा स्थित प्राइम

जिल्ला सरकारी वकील कार्यालय
तनहुँ, दमौली

जिल्ला सरकारी वकील कार्यालय दमौली

होटलमा, मिति २०७७/१२/०७ गते चितवन गैडाकोट रिसोर्टमा र मिति २०७८/०१/१४ गते राती अं.१२ बजेको समयमा जिल्ला तनहुँ शुक्लागण्डकी नगरपालिका वडा नं.४ दुलेगौडा स्थित प्रदिप थापाको घरकोठामा जवर्जस्ती करणी गरेको हुँदा निज प्रतिवादीलाई पक्राउ गरी मुलुकी अपराध संहिता, २०७४ को करणी सम्बन्धी कसूर अर्न्तगत हदै सम्मको कारबाही गरी उचित क्षतिपुर्ति दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको परिवार्तित नाम ०७८/७९ त" कुमारको मिति २०७८/११/११ गतेको जाहेरी ।

२. **स्थानीय पञ्जिकाधिकारीको कार्यालय पत्रः**- पीडित परिवर्तित नाम ०७८/७९ व्यास-१२ को मिति २०६२/०४/०३ मा जन्म भएको भन्ने जन्मदर्ताको प्रमाण-पत्र ।

३. **पीडित परिवर्तित नाम ०७८/७९ व्यास-१२ ले संरक्षकको रोहवरमा गरि दिएको कागजः**- मेरो सानै देखि सांगितिक क्षेत्रमा रुची रहेकोले गायन क्षेत्रमा प्रवेश गरेकी हुँ, सोही क्षेत्रमा रहेका प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहसँग चिनजान भई सँगै कार्यक्रमा जाँदा भिडियो सुटिङ गर्दा निज प्रतिवादीले मेरो केयर गर्ने र मलाई माया प्रेम गरेको विश्वासमा परेकाले हामी बिच माया प्रेम रही आएको अवस्थामा मिति २०७७/०९/१० गते पोखरा स्थित प्राइम होटलमा, मिति २०७७/१२/०७ गते गैडाकोट स्थित रिसोर्टमा करणी गरेका र मिति २०७८/०१/१४ गते तनहुँको दुलेगौडा स्थित प्रदिप थापाको घर कोठामा छुट्टा छुट्टै कोठामा सुतेको अवस्थामा उक्त राती अं.१२ बजेतिर प्रतिवादीले म तिम्रो कोठामा आउछु भनि म्यासेज गरी मेरो कोठामा आई मलाई विवाह गर्ने झुठो आस देखाई मैले हुँदैन भन्दा पनी निजले मेरो तलको कपडा खोली दिई आफ्नो उत्तेजित लिङ्ग मेरो योनीमा छिराई जवर्जस्ती करणी गरी बिर्य स्खलन गराएका हुन । प्रतिवादी कृष्ण जोशी भन्ने कृष्ण प्रसाद जोशीले मलाई प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहसँग घुम्न जाउ, निजले भनेको मान भनि फकाउने र भिडियो सुटिङको क्रममा विभिन्न स्थानमा रहँदा एउटै कोठामा बस्न बाध्य पारी जवर्जस्ती करणी गर्ने कार्यमा सहयोग पुऱ्याई मतियारको रुपमा रहेका हुन निज प्रतिवादीहरूलाई कानून बमोजिम सजाय गरी मनासिव क्षतिपुर्ती दिलाई दिनु पर्दछ भन्ने समेत व्यहोराको संरक्षकको रोहवरमा खुलाई लेखाई दिएको मिति २०७८/११/११ गतेको घटना विवरण कागज ।

४. **घटनास्थल मुचुल्काः**- जिल्ला तनहुँ शुक्लागण्डकी न.पा. वडा नं.४ दुलेगौडा शुक्लाटोल स्थित प्रदिप थापाको दुई तले पक्की घरको दोस्रो तलाको १ नं.को कोठा भित्र बिस्तार सहितको पलङ (खाट) रहेको सोही पलङ (खाट) बिस्तारामा मिति २०७८/०१/१४ गते अं.१२ बजेको समयमा प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहले पीडित १६ वर्षिया परिवर्तित नाम ०७८/७९ (व्यास-१२) लाई विवाह गर्छु भन्ने समेतका प्रलोभन देखाई आश्वसनमा पारी जवर्जस्ती करणी गरेको स्थानको विवरण ठिक छ भन्ने समेत व्यहोराको फोटो सहितको मिति २०७८/११/११ गतेको घटनास्थल मुचुल्का ।

५. **स कुमारीले गरी दिएको कागजः**- गायन क्षेत्रमा काम गर्दै आएकी मेरो बहिनी वर्ष १६ की ०७८/७९ व्यास-१२ लाई नेपाली सिने जगतमा प्रख्यात रहेका प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहले देखावटी माया प्रेम गरी भिडियो सुटिङको क्रममा आफ्नो अभिभावकको संरक्षण बाहिर रहेको मौका पारी मिति २०७७/०९/१० गते पोखरा स्थित होटल प्राइममा, मिति २०७७/१२/०७ गते गैडाकोट रिसोर्टमा र पछिल्लो पटक मिति २०७८/०१/१४ गते राती अं.१२:०० बजे समयमा जिल्ला तनहुँ शुक्लागण्डकी नगरपालिका न.पा.वडा नं.४ दुलेगौडा स्थित प्रतिवादीको चिनजानको ब्यक्ती प्रदीप थापाको घरकोठामा विवाह गर्छु भनि ललाई फकाई गरी जवर्जस्ती करणी गरेको हुँदा बुबा

परिवर्तित नाम ०७८/७९ त" कुमारले न्यायको लागी जाहेरी दरखास्त दिनु भएको हो। प्रतिवादीलाई कानून बमोजिम हदै सम्मको सजाय गरी मनासिव क्षतिपुर्ति समेत दिलाई पाउँ भन्ने समेत व्यहोराको मिति २०७८/११/११ गतेको घटना विवरण कागज।

६. **<u>शारीरिक स्वास्थ्य जाँच प्रतिवेदन:-</u>** पीडित परिवर्तित नाम ०७८/७९ व्यास-१२ को यौनजन्य शारीरिक परीक्षण हुँदा निज पीडितको Hymen: healed lacertions on 5 o'clock and 7 o' clock position of hymen 5 mm abrasion on postrior fourchette अर्थात पीडितको कन्याजालीको ५ र ७ बजेको लाइनमा निको भई सकेको पुरानो घाउ रहेको पाइएको भन्ने समेत व्यहोराको शारीरिक जाँच प्रतिवेदन।

७. **<u>पक्राउ प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान कागज:-</u>** मैले मिति २०६९ सालमा कलाकारिता क्षेत्रमा प्रवेश गरी नेपाली चलचित्रमा नायकको भुमिका निर्वाह गर्दै म्युजिक भिडियोहरुमा अभिनय गर्ने क्रममा राम्रो स्वर भएकी गायिका १६ वर्षिया परिवर्तित नाम ०७८/७९ व्यास-१२ सँग मिति २०७७/०६/२२ गते काठमाण्डौ साँखुमा भेट, चिनजान भई फोन नम्बर आदान प्रदान गरी हामीहरु बिच फोन तथा सामाजिक संजाल म्यासेन्जरमा कुरा हुने र म्युजिक भिडियो सुटिङ गर्ने क्रममा हामीहरु विभिन्न स्थानमा गई बस्ने गरेका थियौं। मिति २०७८/०१/ १४ गते साँझ तनहुँ दुलेगौंडा स्थित प्रदिप थापाको घर कोठामा बास बसी राती अबेर सम्म बियर खादैं पीडित र मैले म्यासेज आदान प्रदान गर्दै अं.११:४५ बजेतिर हामीले खाई बाँकी रहेको बोतलको बियर लिएर पीडित ०७८/७९ व्यास-१२ सुतेको कोठामा गई ढोका धकेली भित्र पसी निजलाई बियर खान दिई, फेसवास लिएर म आफ्नो कोठामा गई कमल खत्रीसँग सुतेको हुँ। पीडित नावालिकाले २०७८ सालको जेष्ठ महिनाको अन्तिमतिर मलाई फोन गरी तपाइँ र मेरो सम्बन्ध अरुले थाहा पाए, मलाई गाह्रो भयो, मेरो महिनावारी रोकियो, तपाइँले मलाई स्वीकार्नु पर्छ भन्ने समेतको शब्दहरु म्यासेजमा मलाई प्रेशित गरेकी थिइन, २०७८ सालको असार महिनामा काठमाण्डौको वानेश्वरमा पीडित, पीडितको आमा, गायन क्षेत्रका दुर्गेश थापा, सरोज ओली, योगेश काजी, मेरो मेनेजर कृष्ण जोशी र म समेत भई छलफल गर्ने क्रममा पीडित पक्षले मलाई पीडितलाई तिमीले विवाह गर्नु पर्छ भनेकाले मैले पीडितको उमेर पुगेपछी विवाह गरौंला, अहिले केटीको उमेर पुगेको छैन भनेको थिएँ। पीडित १८ वर्ष भन्दा कम उमेर नाबालिका हुन भन्ने कुरा मलाई पूर्णरूपमा थाहा जानकारी थियो। पीडित पक्षले पेश गरेको अडियो रेकर्डमा भएको स्वर मध्ये Girl friend –boy friend बिच हुनु भनेको नर्मल (सामान्य) हो भन्ने समेतका शब्दहरू रहेको आवाज मेरो आफ्नै हो सुनेर सनाखत गरी दिएँ भन्ने समेत व्यहोराको मिति २०७८/११/१८ गतेको बयान।

८. **<u>प्रदिप थापा र गंगा थापाले गरी दिएको कागज:-</u>** कुल पुजाको क्रममा चिनजान भएका दुर्गेश थापा मार्फत चिनजान भएको प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहले मिति २०७८/०१/१४ गते प्रदिप थापालाई फोन गरी दुलेगौडामा सुटिङ गर्न आउनु पऱ्यो भनि उक्त साँझ निज पूर्ण बिक्रम शाह, पीडित ०७८/७९ व्यास-१२, कमल खत्री र जुरी ठाकुर समेत चार जना हाम्रो घरमा आई बियर समेत खाई साँझ सुत्ने क्रममा पीडित अलगै कोठामा, प्रतिवादी पूर्ण बिक्रम शाह र कमल खत्री अर्को कोठा तथा जुरी ठाकुर हलकोठामा सुतेका थिए, उक्त राती प्रतिवादी पूर्ण बिक्रम शाहले पीडित नावालिकालाई जवर्जस्ती करणी गरेको भन्ने कुरा पछि सुनि थाहा पाएका हौं। दोषीलाई कानून बमोजिम हुनु पर्दछ भन्ने समेत व्यहोराको करिब एकै मिलानको घटना विवरण कागज।

९. **सम्राट नामले चिनिने जीवन चौलागाँईले गरी दिएको कागजः**- पीडित नावालिका ०७८/७९ व्यास-१२ ले सबै प्रकारको गितहरु गाउने गरेकी र प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहले नेपाली फिल्म लगायत म्युजिक भिडियोहरु खेल्ने हुँदा हामीहरुले एकै ग्रुपमा काम गर्ने गरेका थियौं । गायक कमल खत्रीको फिक्का फिक्का बोल गितको भिडियो बनाउन पोखरा गएका प्रतिवादी र पीडित समेतका सुटिङ टोली मिति २०७८/०१/१४ गते साँझ जिल्ला तनहुँ शुक्लागण्डकी नगरपालिका वडा नं.४ दुगेगौडा स्थित प्रदिप थापाको घरमा बास बस्ने क्रममा उक्त राती प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहले पीडित नाबालिकालाई विवाह गर्ने सम्मको आश्वासन देखाई जवर्जस्ती करणी गरेको भन्ने कुरा मिति २०७८ साल जेष्ठ महिनामा थाहा पाई मिति २०७८/०३/२३ गते काठमाण्डौं अनामनगरमा हामी भेला जम्मा भई पीडितलाई सोधपुछ गरी गुनासो सुनि पीडितलाई न्यायका लागि अगाडी बढ्न सुझाव दिएका हौं । प्रतिवादीलाई कानून बमोजिम गरी पीडितले उचित न्याय र क्षतिपुर्ति पाउनु पर्दछ भन्ने समेत व्यहोराको मिति २०७८/११/१८ गतेको घटना विवरण कागज ।

१०. **दुर्गेस नामले चिनिने दुर्गा बहादुर थापाले गरि दिएको कागजः**- पीडित नावालिका ०७८/७९ व्यास-१२ ले सबै प्रकारको गितहरु गाउने गरेकी र प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रमले नेपाली फिल्म लगायत म्युजिक भिडियोहरु खेल्न हुँदा हामी एकै ग्रुपमा काम गर्दै आएका थियौं । बाग्लुङ गल्कोटस्थित बिद्यालयको सांस्कृति कार्यक्रममा सहभागी हुन मिति २०७७/१२/३१ गते पीडित नाबालिका, प्रतिवादी, अन्य साथीहरू कृष्ण जोशी, सम्राट चौलागाँई, योगेश काजी र म समेतका कलाकारहरु एउटै गाडीमा सवार भई जाने तथा फर्कने क्रममा गाडी मैले चलाएको थिए, प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाह र पीडित नाबालिका ०७८/७९ व्यास-१२ दुबै जना बिच सिटमा सँगै बसेका थिएँ, मिति २०७८/०१/ १४ गते राती प्रदिप थापाको घर बास बसेको अवस्थामा प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहले पीडित नाबालिकालाई विवाह गर्ने आश्वासन देखाई जवर्जस्ती करणी गरेको भन्ने कुरा थाहा हुन आएकोले मिति २०७८/०३/२३ गते काठमाण्डौ अनामनगरमा हामी भेला जम्मा भई पीडितलाई न्यायको अगाडी बड्न सुझाव दिएका हौं । प्रतिवादीलाई कानून बमोजिम हुन पर्दछ भन्ने समेत व्यहोराको मिति २०७८/११/१८ गतेको घटना विवरण कागज ।

११. **बुझिएका मानिसहरुले गरि दिएको घटना विवरण कागजः**- मिति २०७८/०१/१५ गते बिहान प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाह समेतले जिल्ला तनहुँ शुक्लागण्डकी नगरपालिका वडा नं.८ रक गार्डेनमा सुटिङ गरेको देखेका थियौं। प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहले पीडित ०७८/७९ व्यास-१२ लाई जवर्जस्ती करणी गरेको भनि थाहा हुन आएकोले दोषीलाई कानून बमोजिम हुनु पर्दछ भन्ने समेत व्यहोराको अर्जुन थापा, क्षेत्र बहादुर थापा र विष्णु थापाले करिब एकै मिलानको मिति २०७८/११/१८ गतेको घटना विवरण कागज।

१२. **कमल खत्रीले गरि दिएको कगजः**- म बिगत देखी कलाकारिता (गायन) क्षेत्रमा रहेको र पीडित तथा प्रतिवादी पनि कलाकारिता क्षेत्रमा काम गर्ने हुँदा चिनजान भएको हो । मैले रचना गरी संगित दिई म आफैले गाएको फिका फिका बोल गितको म्युजिक भिडियो मोडल भुमिकामा रहेका प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाह समेतको सुटिङ टोली काठमाण्डौबाट मिति २०७८/०१/१३ गते पोखरा गई सुटिङ गरी बाँकी भागको सुटिङ गर्न प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहले जिल्ला तनहुँ शुक्लागण्डकी नगरपालिका वडा नं.४ दुलेगौडा वस्ने प्रदिप थापासँग फोन सम्पर्क गरी दुलेगौडामा सुटिङ गर्ने भनि हामी सुटिङ टोली पोखराबाट दुलेगौडा आउने तरखरमा रहदा प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहले फोनमा कुरा गर्दै गरेको आफ्नो मोवाइल मलाई दिई पीडित ०७८/७९ व्यास-१२

सँग कुरा गर्नु भनेकाले र पीडितले भोलीबाट कास्कीमा लकडाउन हुने भयो म पनि तपाइँहरुसँगै काठमाण्डौ जान्छु भनेकीले पीडित सहितको सुटिङ टोली साँझ मिति २०७८/०१/१४ गते साँझ पीडित नाबालिका, प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाह, जुरी ठाकुर र म समेत चार जना प्रदिप थापाको घरमा बास बस्ने क्रममा घरधनी प्रदिप थापाले पीडित नावालिकालाई छुट्टै कोठामा, प्रतिवादी र मलाई एउटा कोठामा तथा जुरी ठाकुरलाई हलमा सुत्ने व्यवस्था गरी दिएकोले सबै जना सँगै खाना खाई म, राती अं.११:३० बजेतिर कोठामा गई सुतेको थिएँ। प्रतिवादी राती कति बेला आएर मसँगै सुते मैले थाहा पाइन, उक्त राती प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहले पीडित नाबालिकालाई जवर्जस्ती करणी गरेको भन्ने कुरा हाल थाहा पाएको हुँ भन्ने समेत व्यहोराको भन्ने समेत व्यहोराको मिति २०७८/११/२१ गतेको घटना विवरण कागज।

१३.**सरोज ओली भनी चिनिने पुण्य प्रसाद ओलीले गरि दिएको कागजः-** म बिगत देखी गायन र निर्देशनको काम गर्दै आएको र पीडित तथा प्रतिवादी पनि कलाकारिता क्षेत्रमा रहेकाले चिनजान भएको हो। प्रतिवादी पल शाह भन्ने पुर्ण बिक्रम शाहले पोखरा,नवलपरासीको गैडाकोट र तनहुँको दुलेगौडामा पीडित नाबालिका ०७८/७९ व्यास-१२ लाई पछि विवाह गर्छु भन्ने समेतका आश्वासन दिई प्रलोभनमा पारी पटक पटक जवर्जस्ती करणी गरेको पीडितले मलाई जानकारी गराएकी छिन् भनेर प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहको म्यानेजर कृष्ण जोशीले बताएपछि पीडितलाई राखी म समेत सोही क्षेत्रमा काम गर्ने दुर्गेश भन्ने दुर्गा बहादुर थापा, सम्राट भन्ने जिवन चौलागाई र निजै म्यानेजर कृष्ण जोशी भई दुबै पक्षलाई भेट गराई कुराकानी गर्दा प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहले नाबालिकालाई तिम्रो र मेरो अण्डरस्टेन्डिङमा करणी भएको हो। गलफ्रेण्ड ब्वाईफ्रेण्डबिच यस्तो भईहाल्छ नी तिमी बच्चा पाउने भएको भए पो मैले तिमीलाई श्रीमती स्वीकार्ने भन्ने जस्ता कुराहरु गरेका थिए, पीडितले आफू बलात्कृत भएको कुरा प्रतिवादी पूर्ण बिक्रम शाहको मेनेजर कृष्ण जोशी भन्ने व्यक्तिलाई बताएकोमा प्रतिवादी पूर्ण बिक्रम शाहले तलबमा दोब्बर बृद्धि गरी दिएपछि प्रतिवादी पूर्ण बिक्रम शाहको विरुद्धमा बोलेमा ज्यान मार्न पनि केही जस्तो लाग्दैन भनि पीडितलाई धम्की दिएको हुँदा प्रचलित कानून बमोजिम हदै सम्मको सजाय गरी पीडितलाई क्षतिपुर्ति दिलाई दिनु पर्दछ भन्ने समेत व्यहोराको मिति २०७८/११/२३ गतेको घटना विवरण कागज।

१४.**योगेश काजी भन्ने योगेश शाहले गरि दिएको कागजः-** पीडित नावालिका ०७८/७९ व्यास-१२ ले सबै प्रकारको गितहरु गाउने गरेकी र प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहले नेपाली फिल्म लगायत म्युजिक भिडियोहरु खेल्न हुँदा हामी एकै ग्रुपमा काम गर्दै आएका थियौँ। बाग्लुङ गल्कोट स्थित विद्यालयको सांस्कृति कार्यक्रममा सहभागी हुन मिति २०७७/१२/३१ गते पीडित नाबालिका, प्रतिवादी, अन्य साथीहरू कृष्ण जोशी, सम्राट चौलागाँई, दुर्गेश भन्ने दुर्गा बहादुर थापा र म समेतका कलाकारहरु एउटै गाडीमा सवार भई गएका थियौँ। प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहको सम्पूर्ण व्यवहार प्रतिवादी कृष्ण जोशी भन्ने कृष्ण प्रसाद जोशीले मिलाउने गरेका थिए, निजकै सहयोगमा प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहले पीडित नाबालिका ०७८/७९ व्यास-१२ सँग प्रेम सम्बन्ध राखी मिति २०७८/०१/१४ गते जिल्ला तनहुँ शुक्लागण्डकी नगरपालिका वडा नं.४ दुलेगौडा स्थित प्रदिप थापाको घरमा बास बसेको अवस्थामा राती पीडित नाबालिकालाई विवाह गर्ने आश्वासन देखाई जवर्जस्ती करणी गरेको भन्ने कुरा थाहा हुन आएकोले दोषीहरुलाई कानून बमोजिम अधिकतम सजाय गरी पीडितलाई क्षतिपुर्ती दिलाई दिन पर्दछ भन्ने समेत व्यहोराको मिति २०७८/११/२७ गतेको घटना विवरण कागज।

१५.**<u>होटल प्राइम संचालक वर्ष ३५ को रन्जत गुरूङले गरी दिएको कागज</u>:-** मिति २०७७/०९/१० गते राती प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाह र पीडित ०७८/७९ व्यास-१२ समेतको टोली मेरो होटलमा आई १४ वटा कोठाहरु बुक गरी १० र ११ गते राती बास बसेका थिए। कोठाहरुको चावी निजहरुसँगै भएको हुँदा को को कुन कुन कोठामा सुते मलाई थाहा भएन भन्ने समेत व्यहोराको मिति २०७८/११/२६ गतेको घटना विवरण कागज।

१६.**<u>परिवर्तित नाम ०७८/७९ त कुमारले दिएको पुरक जाहेरी</u>:-** मिति २०७८/११/११ गते मैले प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाह विरुद्ध यसै जिल्ला प्रहरी कार्यालय तनहुँमा करणी सम्बन्धी कसूर जवर्जस्ती करणी मुद्दामा जाहेरी दरखास्त दिई अनुसन्धानकै क्रममा रहेको घटनामा मेरो नावालिका छोरी वर्ष १६ की परिवार्तित नाम ०७८/७९ व्यास-१२ लाई प्रतिवादी कृष्ण जोशी भन्ने कृष्ण प्रसाद जोशीले तिमी पूर्ण बिक्रम शाहसँग घुम्न जाउ, निजले भनेको सबै कुरा मान, सम्बन्ध राख, तिमीलाई विवाह गर्छ, तिम्रो भविष्य राम्रो हुन्छ भनि ललाई फकाई गरी होटलको एउटै कोठामा बस्न बाध्य पारी जवर्जस्ती करणी गर्ने व्यवस्था मिलाई पल शाह भन्ने पूर्ण बिक्रम शाहको कसूरमा मतियार रहेको र जवर्जस्ती करणी भएपछि उक्त कुरा कसैलाई नभन्नु भनि प्रहरीमा उजुरी नगर्न र मिल्न दवाब दिई मुख्य अपराधीलाई जोगाउन बचाउन अपराधिक षड्यन्त्रको कसूर गरेको गरेको हुँदा निजलाई समेत पक्राउ गरी कानून बमोजिम कारबाही गरी पाउँ भन्ने समेत व्यहोराको परिवर्तित नाम ०७८/७९ त' कुमारको मिति २०७८/११/२९ गतेको पुरक जाहेरी।

१७.**<u>दुर्गा अधिकारीले गरी दिएको कागज</u>:-** म मिति २०७८ साल साउन महिनामा घुम्न भनि काठमाण्डौ गई करिब २१ दिन पीडित नावालिका ०७८/७९ व्यास-१२ को कोठामा बस्दा पीडितले आफूलाई प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहले पटक पटक जवर्जस्ती करणी गरेको भनि बताएकी र प्रतिवादी कृष्ण प्रसाद जोशीले मलाई तिमीले पीडित नावालिका कंहा जान्छे, को सँग के कस्तो कुरा गर्छे, त्यसको बारेमा नराम्रा खबरहरू बुझेर हामीलाई खबर देउ तिमीलाई रू.५०,००,०००/- (पचास लाख रूपैँया) सम्म रकम पूर्ण बिक्रम शाहबाट दिलाई दिन्छु, म्युजिक भिडियो खेल्ने अवसर पनि दिन्छु भनि आश्वसन देखाएका थिए, मैले निजले भने अनुसारको काम नगरेको कारण मलाई आक्षेप लगाई धम्की दिई म्यासेज पठाएका थिए, नावालिकालाई जवर्जस्ती करणी गर्न व्यवस्था मिलाई दिने र जवर्जस्ती करणी गर्ने दुबैलाई कानून बमोजिम अधिकतम सजाय हुनु पर्दछ भन्ने समेत व्यहोराको मिति २०७८/११/३० गतेको घटना विवरण कागज।

१८.**<u>पक्राउ प्रतिवादी कृष्ण जोशी भन्ने कृष्ण प्रसाद जोशीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान कागज</u>:-** मैले पल शाह भन्ने पूर्ण बिक्रम शाहसँग मासिक रु.२५,०००/- तलब लिई फिल्म, गित, संगित र विज्ञापन तथा स्टेज कार्यक्रममा पूर्ण बिक्रम शाह सहभागी हुने तथा अभिनय गर्न रकम, कार्यक्रम र समय निर्धारण गर्ने तथा सुटिङको क्रममा विभिन्न स्थानमा जाँदा सुटिङ टिमलाई बास बस्ने व्यवस्था मिलाउने समेतको मेनेजरको जिम्मेवारी निर्वाह गर्दै आएको थिएँ। म' पुर्ण बिक्रम शाहसँग अधिकांश समयसँगै हुने हुँदा पीडित नावालिका र प्रतिवादी पूर्ण बिक्रम शाह बिच प्रेम सम्बन्ध रहेको कुरा मलाई थाहा थियो। पूर्ण बिक्रम शाहसँग मेरो मनमुटाव भएपछि मलाई म्यानेजरको जिम्मेबारीबाट हटाएका थिए, २०७८ सालको असार अन्तिम हप्तातिर पीडित ०७८/७९ व्यास-१२ ले मलाई सम्पर्क गरी पूर्ण बिक्रम शाहले मलाई नराम्रो व्यवहार गरेपछि वास्ता गर्न छाडेका छन् भनेकीले म लगायतले पीडित र प्रतिवादी पूर्ण बिक्रम शाहलाई बुझ्दा नावालिकाले आफुलाई पूर्ण बिक्रम शाहले माया प्रेम गरेको विश्वासमा पारी पटक पटक जवर्जस्ती करणी गरेका कारण म पिडामा छु भनेकी र प्रतिवादी पुर्ण बिक्रम शाहले गर्ल फ्रेन्ड, ब्वाई

फ्रेण्ड बिचको अन्डरस्टान्डिङमा भयो हैन, तै पनि हामीसँगै हुँदा केही भयो होला स्वीकार्नै पर्छ, बिहे नै गर्नैपर्छ भन्न चाँही मिल्दैन भन्ने शब्दहरु बोलेका थिए। प्रतिवादी पूर्ण बिक्रम शाह र पीडित नावालिकाको सम्बन्ध बाहिरिँदै मिडियाहरुमा आएपछी प्रतिवादी पूर्ण बिक्रम शाहले मलाई सम्पर्क गरी अब तिमीले मलाई सहयोग गर्नु पर्‍यो भन्दै मलाई मासिक तलबमा वृद्धि गरी दोब्बर रू.५०,०००/- (पचास हजार रूपैँया) तलब समेत दिई पुन: म्यानेजरको जिम्मेवारी दिएकाले मैले पीडित नावालिकालाई तिमीहरु एउटै क्षेत्रमा काम गर्ने हुँदा मिलेर जाउ, भविष्य राम्रो हुन्छ भन्दा पीडित पक्षले प्रहरीमा उजुरी गर्छु भनेकाले मैले दुर्गा अधिकारीलाई पीडित नावालिका के गर्छिन, कसो गर्छिन हामीलाई खबर गर तिमीलाई मैले गीतसंगितमा सहयोग गर्छु भनेको थिएँ। तर निज दुर्गा अधिकारीले भने अनुसार काम नगरेकीले निजलाई धम्की पूर्ण म्यासेज पठाएको थिएँ, निजले पेश गरेको म्यासेज मैले पठाएको म्यासेज हो, देखी चिनेर सनाखत गरे, मैले पीडितलाई सम्झाउने क्रममा मलाई मान्छे मार्न केही जस्तो लाग्दैन भन्ने शब्दहरु प्रयोग गरेको हुँ भन्ने समेत व्यहोराको मिति २०७८/१२/०२ गतेको बयान।

१९.<u>बुझिएका मानिसहरुले गरि दिएको घटना विवरण कागज</u>:- गायन क्षेत्रमा लागी राष्ट्रिय स्तरमै चर्चामा आएकी पीडित नावालिका ०७८/७९ व्यास-१२ लाई प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहले आफ्नै मेनेजर प्रतिवादी कृष्ण जोशी नामले चिनिने कृष्ण प्रसाद जोशीको सहयोग र संलग्नतामा विवाह गर्ने सम्मको झुठ्ठा आश्वासन देखाई पटक पटक जवर्जस्ती करणी गर्दै आएको र मिति २०७८/०१/१४ गते साँझ म्युजिक भिडियो सुटिङकै क्रममा तनहुँ जिल्ला शुक्लागण्डकी नगरपालिका वडा नं.४ दुलेगौडा स्थित प्रदिप थापाको घरकोठामा बास बसेको अवस्थामा पनि जवर्जस्ती करणी गरी पीडितलाई डर धम्की दिई त्रासमा पारी पीडितको बारेमा नराम्रो कुराको खबर बुझ्नको लागि दुर्गा अधिकारीलाई रकम समेत दिने सम्मको प्रलोभन देखाएको, दुर्गा अधिकारीले प्रतिवादीहरुले भने अनुसारको काम नगरेको कारण दुर्गा अधिकारीलाई समेत धम्की दिएको भन्ने थाहा हुन आएको हुँदा नावालिकालाई जवर्जस्ती करणी गराउन परिपञ्च मिलाउने तथा जवर्जस्ती करणी गर्ने प्रतिवादीहरुलाई कानून बमोजिम सजाय गरी पीडितलाई मनासिव क्षतिपुर्ति दिलाई दिनु पर्दछ भन्ने समेत व्यहोराको सीता आचार्य, बिष्णु प्रसाद अधिकारी र पान बहादुर जि.सी.ले करिव एकै मिलानको मिति २०७८/१२/०४ गतेको घटना विवरण कागज।

<u>अभियुक्त उपरको अभियोग</u>:-

जिल्ला प्रहरी कार्यालय, तनहुँबाट अनुसन्धान कार्य पुरा गरी अनुसन्धान प्रतिवेदन साथ निर्णायार्थ प्राप्त हुन आएको प्रस्तुत मुद्दाका मिसिल अध्ययन गरी हेर्दा-मिति २०७८/०१/१४ गते राती अं.१२:०० बजेको समयमा शुक्लागण्डकी नगरपालिका वडा नं.४ दुलेगौडा स्थित प्रदिप थापाको घरकोठामा प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहले माया प्रेमको झुठा नाटक गरी, मेरो छोरी परिवर्तित नाम ०७८/७९ व्यास-१२ लाई जवर्जस्ती करणी गरेको हुँदा आवश्यक कारवाही गरी पाउँ भन्ने परिवर्तित नाम ०७८/७९ त कुमारको जाहेरी व्यहोरा देखिन्छ। साथै प्रतिवादी कृष्ण जोशी भन्ने कृष्ण प्रसाद जोशीले तिमीले पूर्ण बिक्रम शाहसँग घुम्न जादा निजले भनेको सवै कुरा मान्नु, सम्बन्ध राख्नु, विवाह गर्छ, तिम्रो भविस्य राम्रो हुन्छ भनी ललाई फकाई गरी जवर्जस्ती करणी गर्न र करणी गरी सकेपछि कसैलाई नभन्नु, प्रहरीमा उजुरी नगर्न दवाव दिएकोले निजलाई कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको पुरक जाहेरीको व्यहोरा देखिन्छ। प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहले मिति २०७८/०१/१४ गते राती अं.१२:०० बजे प्रदिप थापाको दुलेगौडा स्थित घरको दोश्रो तलाको १ नं. कोठाको पलङ सहितको विस्तारामा पीडित परिवर्तित नाम ०७८/७९ व्यास-१२ लाई जवर्जस्ती करणी गरेको भन्ने समेत व्यहोराको घटनास्थल

मुचुल्काको व्यहोरा देखिन्छ। पीडित परिवर्तित नाम ०७८/७९ व्यास-१२ को जन्म मिति २०६२/०४/०३ गते रहेको भन्ने जन्मदर्ता प्रमाण पत्रको व्यहोरा रहेको देखिन्छ । प्रतिवादीले मिति २०७८/०१/१४ गते प्रदिप थापाको घरकोठामा छुट्टा छुट्टै सुतेको अवस्थामा १२ बजे तिर म तिम्रो कोठामा आउछु भनी म्यासेज पठाई कोठामा आई विवाह गर्छु भनी मेरो तलको कपडा खोली दिई, उत्तेजित लिङ्ग मेरो योनीमा छिराई, जवर्जस्ती करणी गरी विर्य स्खलन गराएका हुन। प्रतिवादी कृष्ण जोशी भन्ने कृष्ण प्रसाद जोशीले मलाई प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहसँग घुम्न जाउ, भनेको मान भनी भिडियो सुटिङमा एउटै कोठामा बस्न बाध्य पार्ने लगायतको मतियारको काम गरेका हुन भन्ने समेत व्यहोरा उल्लेख गरी पीडित परिवर्तित नाम ०७८/७९ व्यास-१२ ले संरक्षकको रोहवरमा मौकाको कागजमा लेखाएको देखिन्छ। मिति २०७८/०१/१४ गते दुलेगौँडा स्थित प्रदिप थापाको घरको कोठामा वास वसी राती अबेर सम्म बियर खादैँ पीडित र मैले म्यासेज आदान प्रदान गरेको हो अं.११:४५ बजेतिर बाँकी बोतलको बियर पीडित ०७८/७९ व्यास-१२ सुतेको कोठामा गई ढोका धकेली पसी पीडितलाई बियर खान दिएको र पीडितबाट फेसवास लिई म आफ्नो कोठामा गई कमल खत्रीसँग सुतेको हुँ, पीडितले तपाइँ र मेरो सम्बन्ध अरुले थाहा पाए, गाह्रो भयो भनी असार महिना तिर भनेकी र पीडितको आमा, सरोज ओली, कृष्ण जोशी लगायतले पीडितलाई तिमीले विवाह गर्नु पर्छ भनेका थिए र मैले उमेर पुगेपछी विवाह गरौंला भनेको थिएँ। अडियो रेकर्डमा Girl friend –boy friend बीच यस्तो व्यवहार हुनु भनेको सामान्य Normal हो भन्ने शब्द मैरै हुन भनी प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहको वयानको व्यहोरा देखिन्छ । त्यस्तै प्रतिवादी कृष्ण जोशी भन्ने कृष्ण प्रसाद जोशीले अनुसन्धानमा वयान गर्दा आफै पल शाहको म्यानेजरको रुपमा मासिक रु.५०,०००।- तलवमा काम गरेको, पल शाह र पीडित वीचमा माया प्रेम रहेको कुरा थाहा पाएको, २०७८ असार अन्तिम सातातिर पल शाहले आफूलाई माया गरेको विश्वास पारी पटक पटक जवर्जस्ती करणी गरेको भनी वताएकीले तिमीहरु मिलेर जाउँ भनेको र मैले दुर्गा अधिकारीलाई सो विषयमा धम्कीपूर्ण म्यासेज पठाएको हो, कला क्षेत्रको मान्छे उजुरी नगर भनी पीडितलाई भनेको हो। फरक प्रशङ्गमा र फकाउने क्रममा मैले आवेशमा आई मलाई मान्छे मार्न केही जस्तो लाग्दैन भनेको हो भन्ने समेत व्यहोराको प्रतिवादी कृष्ण जोशी भन्ने कृष्ण प्रसाद जोशीको वयानको व्यहोरा देखिन्छ। गायन क्षेत्रकी मेरी वहिनीलाई अभिभावकको संरक्षक बाहिर रहेको अवस्था पारी प्रतिवादीले मिति २०७८/०१/१४ गते दुलेगौँडा स्थित प्रदिप थापाको घरमा जवर्जस्ती करणी गरेको रहेछन् भन्ने स-कुमारीको मौकाको कागजको व्यहोरा देखिन्छ भने करिव सोही मिलान व्यहोराको प्रदिप थापा, गंगा थापा, सम्राट नामले चिनिने जीवन चौलागाँई, दुर्गा बहादुर थापा, अर्जुन थापा, क्षेत्र बहादुर थापा, बिष्णु थपाको कागजको व्यहोरा मिसिल संलग्न रहेको देखिन्छ। सुटिङ्ग टोलीसँग मिति २०७८/०१/१४ गते साँझ पीडित प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाह, जुरी ठाकुर समेत ४ जना प्रदिप थापाको घरमा वास वस्ने क्रममा घर धनीले दुई कोठामा पीडितलाई राखेतापनि राती ११:३० बजे पछि कति बेला पल शाह भन्ने पूर्ण बिक्रम शाह आएर सुते थाहा भएन पीडितले निज प्रतिवादी पल शाहले आफूलाई जवर्जस्ती करणी गरेको भनी सुनी थापा पाएको हुँ भन्ने समेत व्यहोराको कमल खत्रीको कागजको व्यहोरा देखिन्छ भने करिव सोही मिलान व्यहोराको सरोज ओली भनी चिनिने पूण्य प्रसाद ओली, योगेश काजी भनी चिनिने योगेश शाह समेतको कागजको व्यहोरा देखिन्छ । मेरो होटलमा प्रतिवादी पूर्ण बिक्रम शाह र पीडित समेतको सुटिङ्ग टोली २०७७/०९/१० र ११ गते वसेका हुन भन्ने होटल प्राइमका संचालक रन्जत गुरुङको कागजको व्यहोरा देखिन्छ। पीडित परिवर्तित नाम ०७८/७९ व्यास-१२ को काठमाडौं स्थित कोठामा करिव २१ दिन वसेकी, सो समयमा पीडितले मसँग कुरा गरेकी, पल शाहले पटक/पटक जवर्जस्ती करणी गरेको वताएकी, प्रतिवादी कृष्ण

जिल्ला सरकारी वकील कार्यालय
तनहुँ, दमौली
२०४२

प्रसाद जोशीले मलाई नावालिका पीडित कहाँ जान्छे, को सँग के कुरा गर्छे त्यसको वारेमा नराम्रा खवर बुझेर हामीलाई खवर देउ तिमीलाई रु.५० लाखसम्म पूर्ण बिक्रम शाहबाट दिलाई दिन्छु भनी आश्वासन दिएका छन् भनी धम्कीपूर्ण म्यासेज कृष्ण जोशीले पठाएका छन् भन्ने समेत व्यहोराको बुझिएकी दुर्गा अधिकारीको कागजको व्यहोरा देखिन्छ र करिव सोही मिलान व्यहोराको सीता आचार्य, विष्णु प्रसाद अधिकारी, पान बहादुर जि.सी.को कागजको व्यहोरा मिसिल संलग्न रहेको देखिन्छ । यसर्थ प्रतिवादीले पीडितलाई उक्त वारदातका दिनमा करणी गरेकोमा अनुसन्धानमा इन्कार रहेतापनि किटानी जाहेरी र पुरक जाहेरी व्यहोरा, पीडितको कन्याजाली ५ र ७ वजेको लाइनमा च्यातिएको अवस्था, पीडितको मौकाको कागजहरु, **Audio** रेकर्ड, सह प्रतिवादी कृष्ण प्रसाद जोशीको वयान व्यहोरा, स-कुमारी, प्रदिप थापा, गंगा थापा, जीवन चौलागाँई, कमल खत्री, सरोज ओली, दुर्गेश थापा, योगेश शाह, रन्जत गुरुङ, दुर्गा अधिकारी, पान बहादुर जि.सी. विष्णु प्रसाद अधिकारी समेतले मौकामा गरेको मिसिल संलग्न कागज र उक्त तथ्यगत व्यहोराबाट प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहले पीडित परिवर्तित नाम ०७८/७९ व्यास-१२ लाई मिति २०७८/०१/१४ गते दुलेगौडा स्थित प्रदिप थापाको घरको दोश्रो तलाको १ नं. कोठामा रहेको पलङ्ग सहितको पीडित सुतेको विस्तारामा राती अं.१२ बजे जवर्जस्ती करणी गरेको स्पष्ट हुन आएकोले निज उपर **मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(१) विपरित (२) अनुसारको जवर्जस्ती करणी**को कसूरमा र प्रतिवादी कृष्ण जोशी भन्ने कृष्ण प्रसाद जोशीले पीडित परिवर्तित नाम ०७८/७९ व्यास-१२ लाई शुरुमा प्रतिवादी पल शाहसँग सम्बन्ध राख्न, नजिक हुन, वातावरण मिलाएको त्यसपछि पीडित उपर न्याय दिलाउनका लागी वार्ता गरेको जस्तो देखिएता पनि पछी पीडितलाई घटना घटाउन, दबाउन, उजुर नगर्न धम्कीपूर्ण म्यासेज समेत प्रवाह गरी प्रतिवादी पल शाहलाई वारदात अघि पछि मतियारको रुपमा सहयोग गरेको मिसिल संलग्न उक्त तथ्यहरुबाट प्रष्ट देखिदा निज प्रतिवादी कृष्ण जोशी भन्ने कृष्ण प्रसाद जोशीलाई **मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(१) विपरित (२) अनुसार तथा सोही संहिताको दफा ३६(१) विपरित (२) अनुसारको जवर्जस्ती करणीको मतियारको कसूरमा** अभियोग लगाईएको छ ।

**अभियुक्तलाई हुनु पर्ने सजायः-**

यसर्थ मिसिल संलग्न माथि उल्लेखित तथ्य एवं प्रमाणबाट प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहले अन्तिम पटक मिति २०७८/०१/१४ गते शुक्लागण्डकी नगरपालिका वडा नं.४ दुलेगौडा स्थित प्रदिप थापाको घरकोठामा राती अं.१२:०० बजेको समयमा सोही घरको दोश्रो तलाको १ नं. कोठाको पलङ्ग विस्तारामा सुतेकी पीडित परिवर्तित नाम ०७८/७९ व्यास-१२ लाई वियर दिने, फेसवास लिने, माया गरेको वहानामा विवाह गर्ने विश्वासमा पारी पीडितलाई ललाई फकाई डर, त्रास, अनुचित प्रभाव र परिबन्धमा पारी जवर्जस्ती करणी गरेको मिसिल संलग्न उक्त तथ्यहरुबाट देखिदा निज प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहले गरेको उक्त कसूरजन्य कार्य **मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) विपरित उपदफा (२) को परिभाषित कसूर अपराध भएको देखिदा निज प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहलाई सोही संहिताको दफा २१९ को उपदफा (३) को खण्ड (ग) बमोजिम सजाय हुन** अभियोग मागदावी लिईएको छ ।

प्रस्तुत मुद्दामा अर्का प्रतिवादी कृष्ण जोशी भन्ने कृष्ण प्रसाद जोशीबाट वारदात अघि पीडित र प्रतिवादी पल शाह बीचमा सम्बन्ध राख्न, नजिक हुन वातावरण मिलाएको, प्रदिप थापाको घरमा मिति २०७८/०१/१४ गते राती अं.१२:०० बजे पीडित परिवर्तित नाम ०७८/७९ व्यास-१२ लाई प्रतिवादी पल शाहले करणी गरे पछि अर्थात

वारदात पछि निज मुख्य प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहलाई कसूरबाट जोगाउन उक्त घटना पीडितबाट प्रकाशमा ल्याउन नदिने, पल शाह विरुद्ध उजुरी नगर्न दवाव दिने, फोनमा डर, त्रास देखाउने, अनुचित प्रभावमा पार्ने, धम्काउने जस्ता कार्य गरेको मिसिल संलग्न तथ्यहरुबाट देखिदा निज प्रतिवादी कृष्ण जोशी भन्ने कृष्ण प्रसाद जोशीले गरेको उक्त कसूरजन्य कार्य **मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) विपरित उपदफा (२) को परिभाषित कसूर तथा (३)(ग) अनुसारको कसूर सजायमा सोही संहिताको दफा ३६(१) विपरित (२) अनुसारको परिभाषित कसूर अपराध भएकोले निज प्रतिवादी कृष्ण जोशी भन्ने कृष्ण प्रसाद जोशीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (३) को खण्ड (ग) बमोजिम हुने सजायमा मुलुकी अपराध संहिता, २०७४ को दफा ३६ (३) (ख) बमोजिम सजाय हुन** अभियोग मागदावी लिईएको छ।

पंजिका बमोजिमका कागजात सहितको सक्कल मिसिल र पक्राउ प्रतिवादीहरु **पल शाह भन्ने पूर्ण बिक्रम शाह र कृष्ण जोशी भन्ने कृष्ण प्रसाद जोशीलाई** यसै अभियोग पत्र साथ सम्मानित अदालत समक्ष पेश गरिएको छ।

साथै प्रतिवादी मध्येका पल शाह भन्ने पूर्ण बिक्रम शाह प्रस्तुत मुद्दामा छुटि जाने भएमा निज उपर ईलाका प्रहरी कार्यालय गैंडाकोट नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा परिवर्तित नाम थर २०७८ गैडाकोट ५ (ख) को जाहेरी परेको जवर्जस्ती करणी सम्बन्धी कसूर मुद्दामा पेश गर्नु पर्ने देखिएकोले सो कार्यका लागि जिल्ला प्रहरी कार्यालय तनहुँमा फिर्ता पठाई दिने व्यवस्था हुन अनुरोध छ।

प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहलाई उक्त मुद्दामा कसूर कायम भई सजाय भएको अवस्थामा मात्र प्रस्तुत मुद्दामा **मुलुकी अपराध संहिता, २०७४ को दफा ४४ (२) बमोजिम पटके कायम गरी थप सजाय हुन** मागदावी लिईएको छ।

साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ (४) बमोजिम प्रतिवादीले बुझाउन पर्ने क्षतिपुर्ति शुल्क समेत निर्धारण गरी पाउन, प्रस्तुत मुद्दामा मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ९६ बमोजिम लगातार कारवाही र सुनुवाई हुन अनुरोध छ।

**सजाय कम वा सजायमा छुटको मागदाबी र आधार:-** ×

**क्षतिपुर्तिको मागदाबी:-**

प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहले १५ वर्ष ९ महिना ११ दिन उमेरकी नावालिका पीडित परिवर्तित नाम ०७८/७९ व्यास-१२ लाई जवर्जस्ती करणी गरेको सो कार्यमा प्रतिवादी कृष्ण जोशी भन्ने कृष्ण प्रसाद जोशीले सहयोग गरेको पीडितको ईज्जत, प्रतिष्ठा र शारीरिक अवस्थामा आँच पुऱ्याएको देखिदा **मुलुकी अपराध संहिता, २०७४ को दफा २२८ बमोजिम विरुद्ध खण्डका निज प्रतिवादीहरुबाट पीडितलाई उमेर, शारीरिक तथा मानसिक अवस्था विचार गरी मनासिब क्षतिपुर्ति दिलाई भराई पाउन र मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ (मा थप संशोधन) बमोजिम उपदफा (३क) को खण्ड (ख) बमोजिम निज प्रतिवादीहरुलाई जरिबाना गरी सो जरिबाना रकम समेत पीडितलाई दिलाई भराई पाउन** मागदावी लिईएको छ।

जिल्ला सरकारी वकील कार्यालय
तनहुँ, दमौली
२०४२

**अभियोग दाबीसँग सम्बन्धित कानूनी व्यवस्थाः-**

**मुलुकी अपराध संहिता, २०७४**

**दफा ३६ मतियार हुन नहुनेः**

उपदफा (१) कुनै व्यक्ति कुनै कसूरको मतियार हुनु हुदैन।

उपदफा (२) कुनै कसूर गर्ने नियतले त्यस्तो कसूर वा अन्य कसूर गर्न सहयोग पुऱ्याउने वा कसूर गरिसकेपछि कसूरदारलाई भगाउने, लुकाउने वा कसूर गर्न वा गराउन साधन उपलब्द गराउने वा अन्य कुनै किसिमले सहयोग पुऱ्याउने व्यक्ति मतियार मानिनेछ।

उपदफा (३) मतियारलाई देहाय बमोजिम सजाय हुनेछ

खण्ड (ख) खण्ड (क) मा लेखिएको बाहेक अन्य मतियार भए कसूर भए गरेको काममा निजको संलग्नताको मात्रा अनुसार त्यस्तो कसूर गरे बापत हुने सजायको बढीमा आधासम्म सजाय।

**दफा ४४ थप सजाय हुनेः-**

उपदफा (२) उपदफा (१) बमोजिमको कसूर बाहेक अन्य कसूरमा सजाय पाएको व्यक्तिले त्यस्तो सजाय भुक्तान गरेको पाँच वर्ष भित्र अर्को कसूर गरेमा निजलाई पछिल्लो पटक गरेको सजायको दोब्बरसम्म सजाय हुनेछ।

**दफा २१९ जवर्जस्ती करणी गर्न नहुनेः**

उपदफा (१) कसैले जवर्जस्ती करणी गर्न हुदैन।

उपदफा (२) कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा मन्जुरी लिएर भएपनि अठार वर्ष भन्दा कम उमेरकी कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जवर्जस्ती करणी गरेको मानिनेछ।

उपदफा (३) जवर्जस्ती करणी गर्ने व्यक्तिलाई त्यसरी करणी गर्दाको परिस्थिति र महिलाको उमेर हेरी देहाय बमोजिम कैद हुनेछ।

खण्ड (ग) चौध वर्ष वा चौध वर्षभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरकी बालिका भए बाह्र वर्षदेखि चौध वर्षसम्म

**दफा २२८ क्षतिपूर्ति भराई दिनु पर्नेः-** दफा २२० र २२७ अन्तर्गतको कसूर बाहेक यस परिच्छेद बमोजिमको अन्य कसूरबाट पीडित व्यक्तिलाई कसूरदारबाट मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ।

**यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने अध्यादेश, २०७८ (मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ मा थप संशोधन)**

उपदफा (३क) जवर्जस्ती करणी गर्ने व्यक्तिलाई उपदफा (३) बमोजिमको कैद सजायको अतिरिक्त देहाय बमोजिमको जरिबाना समेत हुनेछ र त्यस्तो जरिबाना वापत प्राप्त रकम पीडितलाई दिनु पर्नेछः

(ख):- उपदफा (३) को खण्ड (ग) वा (घ) बमोजिम कैद सजाय हुने कसूरदारलाई चार लाख रुपैयाँ जरिबाना।

**अन्य कुरा खुलाउनु पर्ने भए सो कुराहरुः-** पीडित परिवर्तित नामथर ०७८/०७९ व्यास-१२ ले प्रयोग गर्ने गरेको I Phone 11 Promax मोवाइलमा रहेका म्यासेजहरूको विस्तृत विवरण र पीडितले यस कार्यालय र ईलाका प्रहरी कार्यालय गैडाकोट नवलपरासीमा पेश गरेको एकै प्रकारको अडियो रेकर्डको बैज्ञानिक परीक्षण प्रतिवेदनको पूर्ण कपि,प्रतिवादी कृष्ण प्रसाद जोशीको पोलिग्राफ प्रतिवेदन हालसम्म प्राप्त हुन नआएकोले प्राप्त हुना साथ सम्मानित अदालत समक्ष पेश गरिने छ।

**सबुद प्रमाणः-×**

**दसी प्रमाण तथा कसूरसँग सम्बन्धित चिज बस्तुः-** पीडित परिवर्तित नामथर ०७८/०७९ व्यास-१२ को यौनजन्य शारीरिक परीक्षण रिपोर्ट, पीडितले घटनाका सम्बन्धमा खुलाई यस कार्यालयबाट लिईएको अडियो भिडियो रेकर्ड सि.डि. थान-१, प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहले घटना पश्चात पीडितसँग कुरा गरेको भनि पीडित पक्षले पेश गरेको अडियो डि.भि.डी. थान-१, कल डिटेल रेकर्ड।

**गवाहः-** जाहेरवालाः- परिवर्तित नाम ०७८/७९ त कुमार पीडितः- परिवर्तित नाम ०७८/७९ व्यास-१२

**देख्ने / सुन्नेः-** १. स-कुमारी २. प्रदिप थापा ३. गंगा थापा ४. जीवन चौलागाँई ५. दुर्गा बहादुर थापा ६. कमल खत्री ७. अर्जुन थापा ८.क्षेत्र बहादुर थापा ९. विष्णु थापा १०. सरोज ओली ११. योगेश शाह १२. रन्जत गुरुङ १३. दुर्गा अधिकारी १४. पान बहादुर जि.सी. १५. विष्णु प्रसाद अधिकारी १६. सीता आचार्य

**प्रस्तुत कागजपत्रहरुः-**

१. बास्तबिक नामथर गोप्य राखिएको बन्दी खाम थान १।
२. मिति २०७८/११/११ गते पीडितले दिइएको बयान तथा अडियो भिडियो समेत राखिएको DVD थान १।
३. मिति २०७८/११/११ गतेको जाहेरी दरखास्त र नागरिकता र जन्मदर्ताको छाँयाकपी पाना ६।
४. ऐ. गतेको अनुसन्धान अधिकृत तोकिएको पत्र पाना १।
५. ऐ. गतेको बास्तबिक नामथर गोप्य राखिएको मुचुल्का पाना १।
६. ऐ. गतेको परिचय पत्र दिईएको कागज पाना १।
७. ऐ. गतेको खामबन्दी गरिएको पत्र पाना १।
८. ऐ. गतेको जाहेरी दर्ता भरपाई कागज पाना १।
९. ऐ. गतेको अनुसन्धानकर्ताको आचार संहिता पाना १।
१०. ऐ. गतेको स्वास्थ्य जाँचको लागी लेखेको पत्र पाना १।
११. ऐ. गतेको पीडितको कागज पाना ३।
१२. ऐ. गतेको पीडितको हस्तलिखित कागज पाना ४।
१३. ऐ. गतेको घटनास्थल मुचुल्काको लागी खटाईएको पत्र पाना १।

१४. ऐ. गतेको घटनास्थल मुचुल्का पेश गरेको प्रतिवेदन समेत पाना ५ ।
१५. ऐ. गतेको प्रारम्भिक प्रतिवेदन पठाएको पत्र पाना १ ।
१६. प्रतिवादीको फोटो प्रिन्ट कपि पाना २ ।
१७. ऐ ११ गतेको परिवर्तित नाम स कुमारीको घटना बिबरण कागज पाना २ र नागरिकताको छाँयाकपि पाना १ ।
१८. ऐ गतेको पक्राउ अनुमति पत्र पाना १ ।
१९. ऐ गतेको प्रतिवादी खोजतलासको लागि लेखेको पत्र पाना १ ।
२०. ऐ १२ गतेको बिबरण माग गरेको पत्र पाना १ ।
२१. ऐ १२ गतेको प्रदिप थापाको घटना बिबरण कागज पाना ३ र नागरिकताको छाँयाकपि पाना १ ।
२२. ऐ गतेको प्रहरी संचार पाना १ ।
२३. ऐ गतेको CDR बिबरण माग गरेको पत्र पाना २ ।
२४. ऐ गतेको बिभिन्न पत्रपत्रिकामा प्रकाशित खबरको प्रिन्टकपि दाखिला प्रतिवेदन सहित पाना ५ ।
२५. ऐ १३ गतेको दमौली अस्पतालको पत्र सहित शारीरिक जाँच प्रतिवेदन समेत पाना १२ ।
२६. ऐ गतेको प्रहरी संचार पाना १।
२७. ऐ गतेको मोवाइल परीक्षणको लागि पठाएको पत्र सहित पाना २ ।
२८. ऐ.गतेको प्रतिवादी प्रकाउ गरी दाखिला गर्ने खटाईएको पत्र पाना १ ।
२९. ऐ.गतेको खटाई पठाईएको पत्र पाना १।
३०. ऐ.गतेको परिक्षणको लागि Evidence पठाईएको पत्र पाना १ ।
३१. ऐ १५ गतेको पक्राउ पुर्जी पाना १ ।
३२. ऐ गतेको दाखिला प्रतिवेदन पाना १ ।
३३. ऐ गतेको स्वास्थ्य जाँचको लागि लेखेको पत्र पाना २ ।
३४. ऐ गतेको थुनुवा पुर्जी पाना १ ।
३५. मिति २०७८।११।१५ गतेको म्याद थप पत्रमा उल्लेखित कागजातहरु ।
३६. ऐ.गतेको प्रतिवादीको स्वास्थ्य परिक्षण प्रतिबेदन पाना ३ ।
३७. प्रतिवादी पल शाह भन्ने पुर्ण बिक्रम शाहको लाईसेन्सको छायाकपी पाना १ ।
३८. ऐ.१६ गतेको ई.प्र.का.बेलचौतारा तनहुँलाई लेखेको पत्र पाना १ ।
३९. ऐ.१८ गतेको ०७८/७९ त कुमारको निबेदन साथ मेसेन्जरको मेसेजको प्रिन्टकपी पाना ७ ।
४०. ऐ.गतेको बयान कार्यको लागि लेखेको पत्र पाना १ ।
४१. प्रतिवादी पुर्ण बिक्रम शाहको नागरिकताको छायाकपी पाना १ ।
४२. ऐ.१८ गतेको प्रतिवादी पुर्ण बिक्रम शाहको बयान कागज पाना ९ ।
४३. प्रतिवादीको औठाछाप स्लीप पाना १ ।
४४. ऐ.१८ गतेको प्रतिवादी पुर्ण बिक्रम शाहको शारीरिक तथा स्वास्थ्य परिक्षण प्रतिबेदन पाना ८ ।
४५. ऐ. गतेको सम्राट भन्ने जिवन चौलागाईको कागज समेत पाना ४ ।
४६. ऐ. गतेको दुर्गेश भन्ने दुर्गा बहादुर थापाको कागज समेत पाना ८ ।
४७. ऐ. गतेको गंगा थापाको कागज पाना २ ।

४८. ऐ. गतेको बिष्णु थापा समेतको कागज पाना ३ ।
४९. ऐ. २० गतेको ई.प्र.का. बेलचौताराको पत्र पाना ४ ।
५०. ऐ. गतेको ई.प्र.का.गौडाकोट नवलपरासी (ब.सु.पु.) को पत्र पाना २ ।
५१. ऐ. २१ गतेको कमल खत्रीको कागज समेत पाना ४ ।
५२. ऐ. २२ गतेको ई.प्र.का.गौडाकोट नवलपरासी (ब.सु.पु.) लाई लेखेको पत्र पाना १ ।
५३. ऐ. गतेको मालपोत कार्यालय घोराही दाङलाई लेखेको पत्र १ ।
५४. ऐ. गतेको प्रहरी प्रधान कार्यालय, Digital Forencoc Lab लाई लेखेको पत्र पाना १ ।
५५. ऐ. गतेको दोस्रो पटक म्याद थप गरिएको पत्र पाना ३ ।
५६. प्रतिवादीलाई बयानको लागी पठाउन लेखीएको पत्र पाना १ ।
५७. ऐ. गतेको तनहुँ जिल्ला अदालतको पत्र साथ आदेश पर्चा पाना १ ।
५८. Digital Forensic Lab दसी बुझेको भरपाई पाना २ ।
५९. ऐ.गतेको प्रबिधिक खटाई पठाई दिने सम्बन्धमा लेखेको पत्र पाना १ ।
६०. ऐ. गतेको सरोज ओली भन्ने पुण्य प्रसाद ओलीको घटना बिबरण कागज समेत पाना ४ ।
६१. ऐ.२३ गतेको आवश्यक निर्देशन पाउन लेखेको पत्र पाना ३ ।
६२. ऐ.गतेको प्रबिधिक खटाई पठाई दिने सम्बन्धमा पत्र पाना १ ।
६३. ऐ.गतेको CDR बिवरण माग गर्न अनुमती पत्र पाना १ ।
६४. ऐ.गतेको प्रहरी प्रतिबेदन साथ जाहेरवालाले निबेदन साथ पेश गरेको अडिओको स्क्रिप्ट र पीडीतलाई सोधपुछ गर्ने क्रममा खुलाई लेखाईएको भिडियो स्क्रिप्ट पाना ३ ।
६५. ऐ.गतेको खटाई पठाउने सम्बन्धमा पत्र पाना १ ।
६६. ऐ.गतेको निर्देशन पत्र पाना १ ।
६७. ऐ.गतेको CDR बिवरण उपलब्ध गराउने सम्बन्धमा पत्र पाना १ ।
६८. ऐ गतेको परीक्षण प्रतिवेदन सम्बन्धी पत्र पाना १ ।
६९. ऐ २४ गतेको इ.प्र.का.गौडाकोट नवलपरासीको पत्र पाना १ ।
७०. ऐ गतेको प्रतिवादी बुझेको भरपाई पाना १ ।
७१. ऐ गतेको प्रतिवादी पठाएको पत्र पाना १ ।
७२. ऐ गतेको घरकोठा खानतलासीको लागि लेखेको पत्र पाना १ ।
७३. ऐ २५ गतेको CDR विवरण माग गरेको पत्र पाना १ ।
७४. ऐ गतेको फेसबुक आई डी परीक्षणको लागि लेखेको पत्र पाना २ ।
७५. ऐ २६ गतेको प्रहरी प्रतिवेदन र पक्राउ गर्नु पर्ने व्यक्तिको फोटो सहित पाना २ ।
७६. ऐ गतेको नागरिकता सम्बन्धी लेखेको पत्र पाना १ ।
७७. ऐ गतेको जिल्ला प्रहरि कार्यालय कास्कीलाई लेखेको पत्र पाना १ ।
७८. ऐ गतेको नेपाल राष्ट्र बैंकलाई लेखेको पत्र पाना १ ।
७९. ऐ २७ गतेको पक्राउ अनुमति पत्र पाना १ ।
८०. ऐ गतेको पक्राउ पुर्जी पाना १ ।

८१. ऐ.गतेको मानिस दाखिला गरेको प्रतिबेदन पाना २ ।
८२. ऐ.गतेको स्वस्थ्य जाँचको लागि लेखेको पत्र पाना १ ।
८३. ऐ गतेको थुनुवा पुर्जी पाना १ । ऐ.गतेको मिलान म्याद थप पत्र पाना ३ ।
८४. ऐ.गतेको योगेश काजी भन्ने योगेश शाहको घटना बिवरण कागज पाना ३ ।
८५. ऐ.गतेको बिवरण उपलब्ध गराई दिनुहुन लेखेको पत्र पाना ४ ।
८६. ऐ.महानगरीय अपराध महाशाखा काठमाण्डौलाइ लेखेको पत्र पाना १ ।
८७. ऐ.गतेको जिाप्र.का.कास्कीको पत्र रजन्त गुरुङको घटना बिवरण कागज समेत पाना ६ ।
८८. ऐ.२८ गतेको फिर्ता पठाईएको पत्र पाना १ ।
८९. ऐ.२९ गतेको दमौली अस्पतालको पत्र साथ स्वास्थ्य परिक्षण प्रतिबेदन पाना ३ ।
९०. ऐ.गतेको पुरक जाहेरी दरखास्त पाना २ ।
९१. ऐ.गतेको जहेरी दर्ता भरपाई पाना १ ।
९२. ऐ.गतेको पीडीत ०७८/७९ ब्यास १२ को घटना बिवरण कागज पाना २ ।
९३. ऐ.३० गतेको बिवरण उपलब्ध गारई दिनुहुन लेखेको पत्र पाना ४ ।
९४. ऐ.गतेको दुर्गा अधिकारीको घटना बिवरण कागज समेत पाना ४ ।
९५. प्रतिवादी कृष्ण प्रसाद जोशीको नागरिकताको छाँयाकपी पाना १ ।
९६. मिति २०७८।१२।०१ गतेको प्रतिवादी फिर्ता फठाईएको समबन्धमा पत्र पाना १ ।
९७. ऐ.गतेको प्रहरी संचार पाना १ ।
९८. ऐ.गतेको फिर्ता रवाना पत्र पाना १ ।
९९. ऐ.गतेको प्रतिली उपलब्ध गराई दिनिहुन पत्र पाना १ ।
१००. ऐ.गतेको कागजात पठाईएको सम्बन्धमा पत्र पाना १ ।
१०१. ऐ.२ गतेको परिक्षण प्रतिबेदन उपलब्ध गराई दिने सम्बन्धमा पत्र पाना १ ।
१०२. ऐ गरेको गण्डकी प्रदेश प्रहरी कार्यालयको च.नं.१६१८ को पत्र पाना १ ।
१०३. ऐ.गतेको प्रहरी प्रतिबेदनसाथ पोलिग्राफ मन्जुरी कागज पाना २ ।
१०४. ऐ.गतेको बयान कार्यको लागि लेखेको पत्र पाना १ ।
१०५. ऐ.गतेको प्रतिवादी कृष्ण प्रसाद जोशीको बयान कागज पाना ७ ।
१०६. ऐ.४ गतेको तेस्रो पटक म्याद थप पत्र पाना ३ ।
१०७. ऐ गतेको पान बहादुर जि.सी समेतको घटना विवरण कागज समेत पाना ६ ।
१०८. ऐ ५ गतेको प्रहरी संचार पाना १ ।
१०९. ऐ गतेको म.न.प्र.वृत्त नयाँवानेश्वरको पत्र सहित खानतलासी मुचुल्का समेत पाना ४ ।
११०. ऐ गतेको प्रहरी संचार पाना १ ।
१११. ऐ ६ गतेको मालपोत कार्यालय दाङको पत्र समेत पान २ । ऐ गतेको जानकारी पत्र पाना १ ।
११२. ऐ गते प्राप्त इलाका प्रहरी कार्यालय गैडाकोटको च.नं.१५१२ को पत्र पाना १ ।
११३. प्रतिवादी कृष्ण प्रसाद जोशीको औठाछाप स्लिप पाना १ ।
११४. ऐ ६ गतेको खटाई पठाएको पत्र पाना १ ।

११५. ऐ गतेको प्रहरी प्रतिवेदन सहित CDR विवरण पाना ८।
११६. ऐ गतेको मालपोत कार्यालय कलंकी काठमाण्डौको पत्र सहित पाना २।
११७. प्रतिवादीहरूको फोटो सहितको विवरण कागज पाना १।

**यो अभियोग पत्रबाट कारबाही शुरु गर्न अनुरोध गरिन्छ।**

सरकारी वकीलको
दस्तखतः-

२०७८।१२।८

नामः- रामचन्द्र शर्मा
दर्जाः- जिल्ला न्यायाधिवक्ता
कार्यालयः-जि.स.व.का. तनहुँ
मितिः- २०७८/१२/०८/३

जिल्ला न्यायाधिवक्ता

कार्यालयको छापः

जिल्ला सरकारी वकील कार्यालय
तनहुँ, दमौली
२०४२